इटहरी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.-१, सुनसरी, नेपाल
स्था. २०७३

# मिति २०७४ साल फागुन ११ गते बसेको कार्यपालिका बैठकको निर्णयहरु

**बैठक संख्या १७**

## निर्णय नं. १

सेहरा खोलामा बर्षेनीको बाढीबाट इटहरी उप-महानगरपालिका वडा नं. २,३,४,९,१०,५,६ लगायतका विभिन्न बस्ती तथा खेती योग्य जमिनमा डुवान तथा कटान भई जनधनको ठूलो क्षति हुने गरेकोले तत्कालको लागि नदी नियन्त्रण कार्यका लागि छुट्याइएको रकम मध्येबाट रु. ३० लाख रकम बिनियोजन गरी सेहरा खोला पुल दक्षिण पश्चिमको करीब २३५ मी. भागमा तटबन्ध निर्माणको कार्य गर्ने र अन्य बाढीबाट प्रभावित हुन सक्ने संभाव्य जोखिमयुक्त स्थानको पहिचान गरी प्राविधिकबाट स्थलगत निरीक्षण गरी नदी नियन्त्रण कार्यमा बिनियोजित रकमबाट तटबन्ध निर्माणको कार्य गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

## निर्णय नं. २

सेहरा, बुढी लगायतका खोलाको विभिन्न जोखिम पूर्ण स्थान तथा ठाउँमा स्थायी तटबन्ध निर्माण गरी जोखिम रहेका इटहरी उप-महानगरपालिकाको विभिन्न वडाका बस्ती तथा खेती योग्य जमिनलाई जोगाउन अत्यावश्यक रहेको । श्रोत साधनको अभावका कारण स्थानीय तहबाट मात्रै सो कार्य सम्भव नभएकाले उक्त खोलामा स्थायी तटबन्ध निर्माण गर्नका लागि आवश्यक बजेटको बिनियोजन गरी खोलाबाट हुने कटान तथा डुवानलाई नियन्त्रण गर्ने व्यवस्थाका लागि राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समिति, जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय तथा अन्य सम्बद्ध निकायहरुमा सिफारीस साथ अनुरोध गरी पठाउने निर्णय गरियो ।

## निर्णय नं. ३

सेउती सेहरा र बुढी खोलाको खोलाजन्य पदार्थहरु वातावरण मैत्री रुपले उत्खनन् कार्य गर्न एवम् नदि जन्य निर्माण सामाग्रीको उत्खनन् तथा संकलन गरी निर्माण सामाग्री (ढुंगा, गिट्टी, बालुवाको) व्यवस्थापन गर्न प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्नका लागि परामर्श सेवाको शिर्षकबाट रु. ४,७५,०००।- (अक्षेरेपी चार लाख पचहत्तर हजार मात्र) बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

प्रमाणित
पिताम्बर अधिकारी
प्रमुख प्रशासकीय अधिकृत